# मालपोत तथा भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट बाँडफाँट सम्बन्धी मापदण्ड, २०८१

गण्डकी प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

**पोखरा ।**

# मालपोत तथा भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट बाँडफाँट सम्बन्धी मापदण्ड, २०८१

मालपोत तथा भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह र सुदृढीकरणका लागि बजेट बाँडफाँट गरी प्रभावकारी सेवा प्रवाहका साथै प्रदेशको राजस्व परिचालन क्षमतामा अभिवृद्धि गर्न आवश्यक भएकोले,

बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयबाट यो मापदण्ड बनाई लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "मालपोत तथा भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट बाँडफाँट सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आर्थिक ऐन" भन्नाले साल बसाली रुपमा जारी हुने आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले गण्डकी प्रदेशभित्रका मालपोत तथा भूमिसुधार र नापी कार्यालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा 6 बमोजिमको सिफारिश समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ ।

**३. राजस्व दाखिलाः** (१) मालपोत कार्यालयले सङ्कलन गर्ने घरजग्गा रजिष्ट्रेशन शुल्कमध्येबाट कार्यालयको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनका लागि आर्थिक ऐन बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई सतप्रतिशत मानी साठी प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) मालपोत कार्यालयले उपदफा (१) बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला गरेको राजस्व रकमको विवरण अनुसूची -१ र राजस्व छुटको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा मासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) मालपोत कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त राजस्व दाखिलाको विवरण मन्त्रालयले अभिलेखीकरण गर्नेछ।

(४) कार्यालयले यस मापदण्ड बमोजिम आगामी आर्थिक वर्षका लागि कार्यक्रम तथा बजेट चालु आर्थिक वर्षको बैशाखभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको रकम निकासाको लागि मन्त्रालयको फुकुवा पत्र आवश्यक पर्नेछ।

**४.** **<u>बजेट बाँडफाँट:</u>** (१) दफा ३ को उपदफा (२) बमोजिम राजस्व रकमको विवरण प्राप्त भएपछि बाँडफाँट हुने रकमको तीस प्रतिशत रकम प्रदेशभित्रका सबै नापी कार्यालयलाई घरजग्गा रजिष्ट्रेशनको भार एवम् प्रदेश लेखा नियन्त्रक कार्यालय र मालपोत कार्यालयबाट प्राप्त राजस्व विवरणको आधारमा समानुपातिक रुपमा बाँडफाँट गर्नु पर्नेछ।

(2) बाँडफाँट हुने रकमको ४० प्रतिशत रकम प्रदेशभित्रका सबै मालपोत तथा भूमिसुधार कार्यालयलाई दामासाहीले बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (1) र (2) बमोजिमको बाँडफाँटपछि बाँकी रहेको तीस प्रतिशत रकमलाई शतप्रतिशत मानी असी प्रतिशत रकम प्रत्येक मालपोत तथा भूमिसुधार कार्यालयले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्कको अनुपातको आधारमा बाँडफाँट गरिनेछ।

(४) राजस्व दाखिला विवरण मन्त्रालयमा नियमित रुपमा पेश गरेका कार्यालयलाई मात्र यस दफा बमोजिम रकम बाँडफाँट गरिने छ।

(५) उपदफा (३) बमोजिमको बाँडफाँटपछि बाँकी रहेको बीस प्रतिशत रकम आर्थिक ऐन बमोजिम कार्यालयले संकलन गरेको सेवा शुल्क प्रदेश सञ्चित कोषमा जम्मा गरेका कार्यालयलाई मात्र दामासाहीले बाँडफाँट गरिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएतापनि मन्त्रालयले प्रदेश सञ्चित कोषको अवस्था हेरी बाँडफाँट गर्ने रकममा थपघट गर्न सक्नेछ ।

(७) यस दफा बमोजिम मन्त्रालयबाट बाँडफाँट भएको बजेट तथा कार्यक्रमको प्रगति विवरण प्रत्येक कार्यालयले त्रैमासिक रुपमा पठाउनु पर्नेछ।

**5.** **<u>समन्वय गर्नुपर्ने</u>:** मन्त्रालयबाट प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि कार्यालयले नेपाल सरकारको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग आवश्यक समन्वय गर्नु पर्नेछ ।

6. **सिफारिस समिति:** कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट विनियोजन गर्ने मन्त्रालयमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

महाशाखा प्रमुख, वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा, मन्त्रालय - संयोजक

महाशाखा प्रमुख, बजेट, योजना तथा कार्यक्रम महाशाखा, मन्त्रालय - सदस्य

प्रतिनिधि, भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय - सदस्य

राजस्व अधिकृत, राजस्व व्यवस्थापन शाखा, मन्त्रालय - सदस्य सचिव

7. **समितिको काम कर्तव्य र अधिकार:** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यालयसँग घरजग्गा रजिष्ट्रेशन लगायतका अन्य राजस्व संकलनको विवरण माग गर्ने,

(ख) दफा 4 बमोजिम बजेट तथा कार्यक्रम बाँडफाँटका लागि मन्त्रालयमा सिफारिस गर्ने।

8. **सार्वजनिक गर्नुपर्ने:** मन्त्रालयले दफा 4 बमोजिम कार्यालयलाई बाँडफाँट गरेको रकमको विवरण वेभसाइट मार्फत सार्वजनिक गर्नेछ।

९. **खारेजी र बचाउ:** (१) मालपोत/भूमिसुधार कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट व्यवस्थापन सम्बन्धी मापदण्ड,२०८० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

दफा ३ को उपदफा (2) सँग सम्बन्धित

**प्रदेश सञ्चित कोषमा दाखिला गरेको राजस्व रकमको विवरण**

**कार्यालयको नाम र ठेगानाः-**

**...महिना देखि.....महिना सम्म संकलित राजस्व**

**दाखिला मितिः-**

| राजस्व शीर्षक | राजस्व विवरण | संकलन भएको रकम (………………….. देखि……………सम्म) | प्रदेश संचित कोषमा दाखिला गरिएको एक प्रतिशत रकम | एक प्रतिशत कटाएर बाँकी रहेको रकम | स्थानीय संचित कोषमा दाखिला गरिएको रकम | प्रदेश संचित कोषमा दाखिला गरिएको रकम (एक प्रतिशत बाहेक) | प्रदेश संचित कोषमा दाखिला गरेको कुल रकम |
|---|---|---|---|---|---|---|---|
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन शुल्क | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | | | | | |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | | | | |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | | | | | | |
| १४५२९ | अन्य राजस्व | | | | | | |
| **कुल जम्मा** | | | | | | | |

अनुसूची - 2

दफा ३ को उपदफा (2) सँग सम्बन्धित

**मालपोत कार्यालयबाट प्रदान गरिएको राजस्व छुटको विवरण**

**मालपोत कार्यालय ....................................**

**..................... साल ............................ महिना**

| **छुट पाउनेको विवरण** | **घरजग्गा रजिष्ट्रेशन तर्फ** | | **अन्य** | | **कैफियत** |
|---|---|---|---|---|---|
| | जना | छुट रकम | जना | छुट रकम | |
| महिला | | | | | |
| दलित | | | | | |
| जनजाति | | | | | |
| ज्येष्ठ नागरिक | | | | | |
| अपाङगता भएका व्यक्ति | | | | | |
| सुकुम्बासी | | | | | |
| विद्‌यालय | | | | | |
| सरकारी निकाय | | | | | |
| नावालक | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अन्य निकाय/संघसंस्था | | | | | |
| **जम्मा** | | | | | |

**मालपोत तथा भूमिसुधार र नापी कार्यालयको सेवा प्रवाह सुदृढीकरणका लागि बजेट बाँडफाँट सम्बन्धी मापदण्ड, २०८१ तर्जुमा समितिका पदाधिकारीहरु**

संयोजकः- श्री शिव प्रसाद ढुंगाना, उपसचिव, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश.

सदस्यः- श्री गंगालाल पोखरेल, उपसचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ।

सदस्यः- श्री तेजेन्द्र प्रसाद ढकाल, कानून अधिकृत, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।

सदस्यः- श्री सृजना खनाल, बरिष्ठ प्रशासकीय अधिकृत, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।

सदस्य सचिव :- श्री कल्पना देवी सापकोटा, राजस्व अधिकृत, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश ।